नेपाल गजेट

भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन १ गते २०१३ साल

प्रमुख सचिवालयको सूचना

नं. २२०५।१३ ०१३।६।६।६

श्री माननीय प्रधान मन्त्री विदेशमा भ्रमणमा
जानुहुँदा वहाँको कार्यभार का. मु. भई
श्री माननीय मन्त्री चूडाप्रसाद शर्माले सम्हाल्ने.

श्री माननीय प्रधानमन्त्री चीन जापानमा भ्रमण गर्न आज आश्विन ६ गते ६ मा प्रस्थान गर्नुभएको हुँदा वहाँको अनुपस्थितिमा परराष्ट्र, कृषि तथा खाद्य-मन्त्री श्री चूडाप्रसाद शर्माले वहाँको कायम मुकायम भै मन्त्रि-मण्डलको अध्यक्ष पदको र प्रधानमन्त्रालय राज्यव्यवस्था तथा गृहमन्त्रालयको समेत काम गर्नुहुने भएकोले सूचित गरिएको छ।

आज्ञाले—
चन्द्रबहादुर थापा,
प्रमुख सेक्रेटरी,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222

प्रमुख सचिवालयको सूचना

प्र. नं. ९४५

३०–५–०१३

कानून संसदीय प्रबन्धमन्त्रालयमा निम्नांकित पदाधिकारीहरू सरुवा बढुवा हुनुभएको छ :—

का. मु. सेक्रेटरी डे. से. श्री नयनबहादुर सेक्रेटरी पदमा बढुवा।

'ल' कमिशनका सेक्रेटरी, डाइरेक्टर श्री वासुदेव शर्मा डेपुटी सेक्रेटरी पदमा सरुवा।

डे. से. श्री उदयप्रसाद डे. से. मा नै कायम।

अ. से. श्रीशम्भुप्रसाद घिमिरे डे. से. पदमा सरुवा बढुवा।

आज्ञाले—

चन्द्रबहादुर थापा.

प्रमुख सेक्रेटरी

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।